# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख १७ गते २०२५ साल

### राष्ट्रिय पञ्चायत सचिवालयको

### सूचना

राष्ट्रिय पञ्चायतले बनाएको तल लेखिएबमोजिमको अंचल, जिल्ला, नगर र गाउं तहका पञ्चायतका सदस्यहरूको आचरण सम्बन्धी नियमहरू, २०२४ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

### अंचल, जिल्ला, नगर र गाउं पञ्चायतको सदस्यहरूको आचरण सम्बन्धी नियमहरू, २०२४

नेपालको संविधानको धारा ६७ग को उप–धारा (२) को खण्ड (ग) ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय पञ्चायतले देहाय बमोजिमको नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "अंचल सभाका सभापति, उप–सभापति र जिल्ला नगर गाउं पञ्चायतका सदस्यहरूको आचरण सम्बन्धी नियमहरू, २०२४" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमा "सदस्य" भन्नाले नगर तथा गाउं पञ्चायतका प्रधान पञ्च, उप–प्रधान पञ्च, एवं सदस्य, जिल्ला पञ्चा-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८

यतका सभापति, उप–सभापति एवं सदस्य र अंचल सभाका सभापति, उप–सभापति सम्झनु पर्छ ।

३. नियमहरूको पालनाः– (१) प्रत्येक सदस्यले यी नियमहरूको पालन गर्नु पर्छ ।

(२) कुनै सदस्यले यी नियमहरूमा लेखिएको कुनै कुराको प्रतिकुल आचरण गरेमा निजले आफ्नो पद अनुसारको आचरण नगरेको मानिने छ ।

४. पंचायत प्रणालीको मूलभूत सिद्धान्तको विपरित काम गर्न नहुनेः– कुनै सदस्यले नेपालको संविधानमा उल्लिखित पंचायत प्रणालीका मूलभूत सिद्धान्तहरूको विपरित कुनै किसिमको आचरण गर्नु गराउनु वा गर्न प्रोत्साहन गर्न हुँदैन ।

५. पंचायत र वर्गिय संगठनको समन्वयको प्रतिकूल आचरण गर्न नहुनेः– कुनै सदस्यले दलबिहिन प्रजातान्त्रिक पंचायती व्यवस्थालाई सुदृढ बनाउने तथा पंचायत, वर्गिय र व्यावसायिक संगठनहरूलाई सक्रिय गराउने र तिनीहरूको बीच बढी समन्वय स्थापित हुने कार्यको प्रतिकुल कुनै आचरण गर्न हुँदैन ।

६. सार्वजनिक वा सरकारी सम्पत्तिको दुरूपयोग गर्न नहुनेः– कुनै सदस्यले जानी जानी खराब नियतले सार्वजनिक वा सरकारी सम्पत्तिको दुरूपयोग गर्न वा निजी कामको लागि उपयोग गर्न हुँदैन ।

७. अनुचित लाभ उठाउन नहुनेः– कुनै सदस्यले आफ्नो पदको प्रभाव देखाई वा अन्य कुनै प्रकारको प्रलोलन दिई व्यक्तिगत अनुचित लाभ उठाउने काम गर्नु हुंदैन ।

८. पंचायत व्यवस्थाको प्रतिकुल भएमा बिरोध गर्नुपर्नेः– प्रत्येक सदस्यले आफू उपस्थित भएको ठाउँमा पंचायत व्यवस्थाको प्रतिकुल हुने काम कुरा भएमा त्यसको बिरोध गर्नु पर्दछ वा त्यसलाई बहिष्कार गर्नु पर्छ ।

९. पंचायतको प्रतिष्ठामा धक्का पुग्ने आचरण गर्न नहुनेः– कुनै सदस्यले पंचायतको प्रतिष्ठामा धक्का पुग्न सक्ने अथवा पंचायत व्यवस्था प्रति श्रद्धा घट्ने किसिमको कुनै आचरण गर्नु हुंदैन ।

१०. गुटबन्दी गर्न नहुनेः– कुनै सदस्यले व्यवस्थाको प्रगतिमा बाधा उत्पन्न हुने गरी कुनै किसिमको आपसी गुटबन्दी वा गतिविधि गर्न वा गराउनु हुँदैन ।

११. "गाउँ फर्क" अन्तरगत गर्नु पर्ने काम अनिवार्य रूपले गर्नु पर्ने :– गाउँ फर्क कार्यक्रम अन्तरगत अनिवार्य रूपले गर्नु पर्ने भनी तोकिएको काम प्रत्येक सदस्यले गर्नुपर्छ ।

१२. आचारण सम्बन्धी नियम पालन नगरेकोमा निर्णय गर्नेः– (१) कुनै सदस्यले यी नियमहरू बमोजिम आफ्नो पद अनुसारको आचरण गर्नु पर्नेमा गरेको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

छैन भनी देहायका सदस्यहरूको सम्बन्धमा देहायको आयोगले ठह्र्याएमा सम्बन्धित सदस्य सो पदबाट निष्काशित भएको मानिनेछ । यसरी निष्काशित भएपछि निजको स्थान स्वतः रिक्त हुनेछ–

(क) गाउँ पंचायत तथा नगर पंचायतका प्रधानपंच, उप-प्रधान पंच एवं सदस्यको सम्बन्धमा स्थानीय जिल्ला अदालतका न्यायाधीश भएको आयोग ।

(ख) जिल्ला पंचायतका सभापति, उप-सभापति एवं सदस्यहरू र अंचल सभाका सभापति उप–सभापतिको सम्बन्धमा स्थानीय अंचल अदालतका न्यायाधीशको आयोग ।

(२) उप–नियम (१) बमोजिम गठित आयोगले आफ्नो आन्तरिक कार्यविधि आफै व्यवस्थित गर्न सक्नेछ ।

१३. पुनरावेदनः– (१) नियम १२ को उप–नियम (१) को खण्ड (क) मा उल्लिखित जिल्ला अदालत भएको आयोग उपर स्थानीय अंचल अदालतका न्यायाधीश भएको आयोगमा, नियम १२ को उपनियम (२) को खण्ड (ख) मा उल्लिखित अंचल अदालतका न्यायाधीश भएको आयोग उपर राष्ट्रिय पंचायतका सदस्यहरूको आचरण सम्बन्धी छानवीन गर्ने आयोगमा पुनरावेदन गर्न सकिनेछ ।

(२) उप–नियम (१) बमोजिम पुनरावेदन परी सो पदाधिकारीले गरेको निर्णय अन्तिम हुनेछ ।

आज्ञाले–

गोरक्षबहादुर न्हुछेप्रधान

राष्ट्रिय पंचायतको का. मु. सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।